**बैठक संख्या : ५**

आजमिति २०७९ साल असार ५ गते आइतबारका दिन बराहक्षेत्र नगरपालिका,नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री रमेश कार्कीज्यूको अध्यक्षतामा निम्न बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक नगर सभाहलमा बिहान ८:०० बजे बसी निम्न अनुसारका निर्णयहरु गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| १. नगर प्रमुख - श्री रमेश कार्की | अध्यक्ष |
| २. उप-प्रमुख - श्री नन्दकुमारी सुनुवार | सदस्य |
| ३. वडा अध्यक्ष, वडा नं. १ - श्री किसन थापा | सदस्य |
| ४. वडा अध्यक्ष, वडा नं. २ - श्री होम प्रसाद गौतम | सदस्य |
| ५. वडा अध्यक्ष, वडा नं. ३ - श्री राजदिप लामा तामाङ्ग | सदस्य |
| ६. वडा अध्यक्ष, वडा नं. ४ - श्री आशाराम चौधरी | सदस्य |
| ७. वडा अध्यक्ष, वडा नं. ५ - श्री रोहित काफ्ले | सदस्य |
| ८ वडा अध्यक्ष, वडा नं. ६ .- श्री उद्धव प्रसाद पोखरेल | सदस्य |
| ९.वडा अध्यक्ष, वडा नं. ७ - श्री कपिल आचार्य | सदस्य |
| १०.वडा अध्यक्ष, वडा नं. ८ - श्री रोशन खड्का | सदस्य |
| ११. वडा अध्यक्ष, वडा नं. ९ - श्री निरन्जन मण्डल चन्द्रवंशी | सदस्य |
| १२. वडा अध्यक्ष, वडा नं. १०- श्री तेज बहादुर गुरुङ्ग | सदस्य |
| १३. वडा अध्यक्ष, वडा नं. ११ - श्री कृष्ण कुमार महतो | सदस्य |
| १४.कार्यापालिका सदस्य - श्री मालती विश्वकर्मा | सदस्य |
| १५.कार्यापालिका सदस्य - श्री विष्णु कुमारी बिष्ट | सदस्य |
| १६. कार्यापालिका सदस्य -श्री दुर्गा राई | सदस्य |
| १७. कार्यापालिका सदस्य -श्री नविना वि.क. | सदस्य |
| १८.कार्यापालिका सदस्य -श्री भगवती कट्वाल खड्का | सदस्य |
| १९.कार्यापालिका सदस्य -श्री पंकजकुमार महतो | सदस्य |
| २०.कार्यापालिका सदस्य -श्री रत्नबहादुर रम्तेल सार्की | सदस्य |
| २१.कार्यापालिका सदस्य -श्री सुस्मा माझी | सदस्य |
| २२.प्रमुख प्रशासकीय अधिकृत- श्री खगेन्द्र गिरी | सदस्य-सचिव |

**आमन्त्रित**

१) लेखा अधिकृत श्री वीरेन्द्र यादव

२) प्रशासन शाखा प्रमुख श्री राजकुमार गौतम

३) सूचना प्रविधि अधिकृत श्री पुकार पोखरेल

**प्रस्तावहरुः**

१) निती तथा कार्यक्रम सम्बन्धमा ।

२) आर्थिक सहायता सम्बन्धमा ।

३) दिर्घकालिन सोच सहितको नारा तह गर्ने सम्बन्धमा ।

४) योजना छनौट सम्बन्धमा ।

**निर्णयहरु :**

१) प्रस्ताव नं १ उपर छलफल हुदाँ आगामी आ.व. २०७९/८० को निति तथा कार्यक्रम आगामी दशौ नगरसभामा प्रस्तुत गर्ने सर्वसम्मतले निर्णय गरियो ।

२) प्रस्ताव नं. २ उपर छलफल हुदाँ वराहक्षेत्र नगरपालिका वडा नं ३ बस्ने श्री ज्ञान बहादुर बस्नेत बिगत लामो समय देखि शारिरीक रुपमा हिडडुल गर्न कठिनाई भएको र उपचार गर्न आर्थिक अभावका कारण नसकिएको भनी निवेदन पेश गरेको हुँदा निजलाई रु. २५,०००।- ( पच्चिस हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

३ प्रस्ताव नं. ३ उपर छलफल हुदाँ वराहक्षेत्र नगरपालिकाको दिर्घकालिन सोच सहितको नारा **"समृद्ध वराहक्षेत्रको आधार, कृषि, पर्यटन र दिगो पूर्वाधार"** तय गर्ने निर्णय गरियो ।

४ प्रस्ताव नं ४ उपर छलफल हुदाँ आ.व. २०७९/८० का लागि वडा स्तरीय योजना छनौट गर्दा घटीमा रु ३५ लाख तथा बढीमा रु ५० लाख सम्मको गौरबको योजना छनौट गरी पठाउने निर्णय गरियो ।